# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकवाट "घ" बर्गको इजाजतपत्रप्राप्त संस्था

( १ नं. प्रदेशस्तरीय कार्यक्षेत्र भएको )

च.नं : ४१/२०७८/०७९

कर्पोरेट कार्यालय बुढीगंगा-१, मोरङ।
मिति : २०७८/०७/०१

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

**विषय : छैठौं वार्षिक साधारण सभा गर्ने तथा सोको लागि धितोपत्र दाखिल खारेज बन्द (बुक क्लोज) गरिदिने सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८।०६।३१ गते अपरान्ह ४:०० बजे सम्पन्न संचालक समितिको १०३ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु तथा साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु खोली सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७८।०७।०१ गतेको **आर्थिक अभियान** राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सोको प्रतिलिपि यसैसाथ संलग्न गरी तँहा पेस गरिएको व्यहोरा अनुरोध छ । साथै, वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८।०७।०८ गते शेयर दाखिल खारेज बन्द गर्ने निर्णय गरिएकोले मिति २०७८।०७।०७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा नियमानुसार कारोवार भई सि.डि.एस. एण्ड क्लियरिङ लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनआईविएल एस क्यापिटल लि. लाजिम्पाट काठमाडौमा रहेको शेयरधनी दर्ता किताबमा कायम हुन आएका शेयरधनी महानुभावहरु मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र बोनश शेयर प्राप्त गर्न योग्य हुने गरी मिति २०७८।०७।०८ गते १(एक) दिन धितोपत्र दाखिल खारेज कार्य बन्द गर्ने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८/०७/२२ गते सोमबार (तदानुसार ८ नोभेम्बर, २०२१)
समय : दिनको ११ : ०० बजे ।
स्थान : न्यू अञ्जुली होटल, धनकुटा न.पा.-७, धनकुटा ।

**संलग्न** : छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचनाको प्रतिलिपि ।

भवदीय,

भेष बहादुर बस्नेत
(कम्पनी सचिव)

**बोधार्थ :**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौ ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार काठमाडौ ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाडौ ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री एनआईविएल एस क्यापिटल लि., लाजिम्पाट काठमाडौ ।
श्री सि.डि.एस. एण्ड क्लियरिङ लि., पुतलिसडक, काठमाडौ ।

# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

धनकुटा ७, धनकुटा

## छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०७/०१)

यस गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०६/३१ गते बसेको सञ्चालक समितिको १०३ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति : २०७८/०७/२२ गते सोमबार (तदानुसार ०८ नोभेम्बर, २०२१)**

**समय : दिनको ११:०० बजे ।**

**स्थान : न्यू अञ्जुली होटल, धनकुटा न.पा.-७, धनकुटा ।**

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट समितिका अध्यक्षज्यूले पेस गर्नुहुने आ.व.२०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ सम्मको मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.८,३४,००,०००।- को ०.८८९८१४४ प्रतिशतले हुन आउने रकम रु.७,४२,१०५।- (अक्षरेपि रु.७ लाख ४२ हजार १ सय ५ मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने ।

(४) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षणको लागि कम्पनी ऐन २०६३ को दफा १११ अनुसार संस्थाको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री पि.आर.के. एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ।)

(५) यस संस्थाको समूह "क" मा रहेका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ सम्मको मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.८,३४,००,०००।- को १६.९०६४७४५ प्रतिशतले हुने रकम रु.१,४१,००,०००।- (अक्षरेपि रु. एक करोड एकचालिस लाख मात्र) बराबरको बोनस सेयर वितरण गर्न स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव पारित गर्ने ।

(२) प्रबन्धपत्रको दफा २(२), ६(ख) र ६(ग) तथा नियमावलीको नियम २, ३(ढ) र ३२(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) उपरोक्त विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध :**

## छैठौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :

(१) छैठौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८/०७/०८ देखि २०७८/०७/२२ सम्म यस वित्तीय संस्थाको शेयर दाखिला खारेज बन्द हुनेछ। साथै नेपाल स्टक एक्चेन्ज लिमिटेडमा २०७८ कात्तिक ८ गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित कानुन बमोजिम नामसारीको लागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा पेस गरि सक्नुपर्नेछ।

(२) छैठौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ।

(३) शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाईनेछ । कुनै कारणवश उक्त प्रतिवेदन प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय धनकुटा-७, धनकुटा, कर्पोरेट कार्यालय बुढीगंगा-१, मोरङ र एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध छ।

(४) नावालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन् ।

(५) साधारण सभामा स्वयं उपस्थित भई भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपूर्वक प्रोक्सी फाराम भरी साधारण सभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय बुढीगंगा-१, मोरङमा दर्ता गरिसक्नु पर्नेछ। प्रतिनिधि नियुक्त गरिने व्यक्ति यस संस्थाको शेयरधनी हुन आवश्यक छ।

(६) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका सभा हुने दिन बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

(७) छलफका विषयसुची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिलाई लिखित रुपमा दिनुपर्नेछ र सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन।

(८) वित्तीय संस्थाको समूह "क" मा रहेका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ। सो सम्बन्धी सूचना वार्षिक साधारण सभा हुनुभन्दा १० दिन अगावै संस्थाको कर्पोरेट कार्यालय बुढीगंगा-१, मोरङको सूचना पाटीमा टाँस गरिनेछ।

(९) अन्य थप जानकारीको लागि संस्थाको कर्पोरेट कार्यालय बुढीगंगा-१, मोरङको फोन नं. ०२१-४२०४५३ मा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन समेत अनुरोध गर्दछौं।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड
स्था. २०७३